तिरहुत गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**गोईठी, सप्तरी**

मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२।८३ मिति: २०८२।११।२६

चलानी नं. :

**स्थानीय तहमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दर्ता गर्ने सम्बन्धी सूचना !**

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूति गराउन तोकिएको मापदण्ड पुरा गरेका (एक आर्थिक वर्षमा एक सय दिन रोजगारमा संलग्न नभएको वा कम्तीमा तोकिएको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको) नेपाली नागरिकले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १५ र १७ बमोजिम आगामी आ.व. २०८३/८४ मा यस तिरहुत गाउँपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा सञ्चालन हुने न्यूनतम रोजगारी जस्ता कार्यक्रममा संलग्न हुन ईच्छुक १८ वर्ष देखि ५९ वर्ष उमेर समूहका सबै बेरोजगार व्यक्तिहरुले मिति २०८२ चैत्र मसान्तभित्र आफू स्थायी बासोबास गरिरहेको सम्बन्धित वडा कार्यालयमा तोकिए बमोजिमको निवेदन ढाँचामा तपसिल बमोजिमका कागजात सहित निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। थप विस्तृत जानकारीका लागि यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

तपसिल:

१. पूर्ण रुपमा भरेको बेरोजगार आवेदन फारम थान - १

२. निवेदकको नागरिकता प्रतिलिपि थान - १

३. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति हो भने पासपोर्ट नं. र देश उल्लेख भएको प्रतिलिपि थान - १

४. निवेदकले आवेदनमा उल्लेखित सबै विवरण रीतपूर्वक भरेर मात्र वडा कार्यालयमा निवेदन दर्ता गराउनुपर्ने छ।

६. आ.व. २०८२/८३ मा सूचिकृत हुनका लागि आवेदन दिएका बेरोजगार व्यक्तिहरुले समेत आ.व. २०८३/८४ मा सूचिकृत हुनका लागि पुनः निवेदन दिनु पर्नेछ।

०८२।११।२६

.....................................

ललन कुमार यादव

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत